आजदेखि काठमाडौंमा राष्ट्रिय स्वास्थ्य तथा वैज्ञानिक सम्मेलन

काठमाडौं, चैत २७ (नागरिक)- एघारौं राष्ट्रिय स्वास्थ्य तथा वैज्ञानिक शिखर सम्मेलन बिहीबारदेखि काठमाडौंमा सुरु हुँदै छ। राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद्को ३४औं वर्षमा प्रवेश गरेको अवसरमा सम्मेलन आयोजना गरिएको हो। चैत २८ देखि तीन दिनसम्म चल्ने सम्मेलनमा एक सय विदेशी वैज्ञानिक र एक हजार नेपाली वैज्ञानिक सहभागी हुनेछन्। बेलायत, अमेरिका, चीन, स्विट्जरल्याण्ड, जर्मन, भारत, अमेरिकालगायतका वैज्ञानिकले भाग लिँदैछन्।

यो वर्ष विश्वभर नयाँ समस्याका रूपमा देखा परेको जलवायु परिवर्तनको कारण, स्वास्थ्य क्षेत्रमा उत्पन्न भएका र हुन सक्ने चुनौती, स्वास्थ्य प्रणालीको उत्थानशीलता र स्वास्थ्य सेवामा समान पहुँचको सुनिश्चितताका विषयमा सम्मेलन केन्द्रित हुने परिषद्ले जनाएको छ। यसका साथै स्वास्थ्य बिमा, सरुवा रोग, नसर्ने रोग, मानसिक रोग र अनुसन्धान नियमनका विषयमा छलफल हुनेछ। सम्मेलनका लागि एक सय ४६ वटा मौखिक, एक सय ३० वटा पोस्टर प्रस्तुतीकरण गरी दुई सय ७६ वटा प्रस्तुति हुनेछन्।

सम्मेलनमा विदेशमा रहेका नेपाली वैज्ञानिक वातावरण, कृषि र स्वास्थ्यसँग सम्बन्धित वैज्ञानिक विज्ञले पनि प्रस्तुति दिने कार्यक्रम रहेको नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का निर्देशक डा. प्रमोद जोशीले बताए। सम्मेलनले स्वास्थ्य क्षेत्रलाई मात्र हैन, 'जलवायु परिवर्तनले कृषि क्षेत्रलाई कसरी असर पारेको छ, स्वास्थ्यमा कसरी असर पारेको छ भन्ने विषयलाई सँगसँगै छलफल गर्दैछौं', उनले भने। सबै मन्त्रालयलाई समेत झकझकाउने र राष्ट्रिय योजना आयोगलाई समेत सहभागी बनाए छलफल हुने र छलफलबाट आएको निष्कर्षले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय योजना निर्माणमा प्रभाव पर्ने जोशीले बताए।

सोही क्रममा परिषद्कै अनुसन्धान प्रमुख डा. मेघनाथ धिमालले जनसंख्यामा आएको परिवर्तनका विषयमा पनि प्रस्तुति रहने बताए। 'हाल बसाईंसराइका कारण ठाउँठाउँमा जनसंख्या घटबढ हुने क्रम जारी छ, जसको कारण स्वास्थ्य कार्यक्रमले सम्बोधन गर्न अप्ठेरो परेको विषयमा पनि छलफल हुनेछ', उनले भने। सम्मेलनबाट प्राप्त निष्कर्षले प्रमाणमा आधारित नीति निर्माणको पूर्वाधार बनाउँदै दिगो र उत्थानशील स्वास्थ्य सेवा सुनिश्चित गर्ने भूमिका खेल्ने अपेक्षा परिषद्ले लिएको छ।

सम्मेलनमा विभिन्न क्षेत्रमा वैज्ञानिक खोज अनुसन्धान गर्न सफल वैज्ञानिक तथा विज्ञहरूलाई पुरस्कृत गरिने छ। यसमा हेल्थ रिसर्च अवार्ड, योङ हेल्थ रिसर्चर अवार्ड, मृगेन्द्र सम्झना मेडिकल ट्रस्ट योङ हेल्थ रिसर्च अवार्ड, हेल्थ जर्नालिस्ट अवार्ड, गोपालप्रसाद आचार्य हेल्थ रिसर्च अवार्ड वितरण हुनेछ। परिषद्ले यो वर्ष हेल्थ जर्नालिस्ट अवार्ड र गोपालप्रसाद आचार्य हेल्थ रिसर्च अवार्ड थप पुरस्कारअन्तर्गत रहेका छन्।

झापा गाउँपालिकाका अधिकांश किसान मकैखेतीमा

झापा, चैत २७ (रासस) - खेतबारीमा हुर्किएका पाँच फिट अग्ला मकैका बोटमा सुत्ला च्यापेका भरिला तीन घोगासम्म फलेको देखेर झापा गाउँपालिका वडा नं २ का नरेन्द्रकुमार आइदेम्बेको खुसीको सीमा छैन। 'आँखैपिच्छे सुत्ला च्यापेको छ', बारीमा मकैखेती फस्टाएपछि दंग पर्दै आइदेम्बे भन्छन्, 'पोहोरभन्दा यसपालि उत्पादन निकै बढ्ला जस्तो छ।' उनले यसपालि डेढ बिघामा मकै खेती गरेका छन्। गाउँमा आइ देम्बेजस्तै ३७ जना किसान मिलेर वरपीपल कृषक समुह गठन गरेका छन्। समुहमा जोडिएर पाँच कट्ठादेखि चार बिघासम्म जग्गा भएका किसान मकै खेतीमा लागेका हुन्।

झापा जिल्लाको १५ पालिकामध्ये मकै खेतीका लागि प्रख्यात छ झापा गाउँपालिका। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना झापाका प्रमुख रवीन्द्र सुवेदीले यो पालिका नेपालमै सबैभन्दा राम्रो मकै उत्पादन हुने क्षेत्र मानिएको बताए। परियोजनाले झापा गाउँपालिकाका सातैवटा वडा र छिमेकी कनकाई नगरपालिकाको वडा नं ५ र ६ मा मकै जोन कार्यक्रम लागु गरेको छ। यसका कारण यहाँका ९० प्रतिशतभन्दा बढी किसान व्यावसायिक मकै खेतीतर्फ आकर्षित भएका छन्।

झापा गाउँपालिका वडा नं ७ का मिर्जा सोरेन सार्जम बाहा कृषि सहकारी संस्थामा आबद्ध छन्। उनीजस्तै सहकारीमा आबद्ध एक सय ९५ जना कृषक व्यावसायिक रूपमै मकै खेतीमा लागेका छन्। परियोजना प्रमुख सुवेदीले झापा र कनकाई नगरपालिकाको माटो मकै खेतीका लागि उर्वर रहेको हुँदा सरकारले २०७६ सालदेखि मकै जोन कार्यक्रम लागु गरेको बताए। सुरुमा झापा गाउँपालिकाको वडा नं ६ र कनकाई नगरपालिकाको वडा नं ९ मा परीक्षणका रूपमा मकै जोन कार्यक्रम लागु भएको थियो। जोन कार्यक्रम लागु हुन पाँच सय बिघाभन्दा बढी जग्गामा मकै खेती हुनुपर्दछ। हाल झापाका सबै वडा र कनकाईका वडा नं ५ र ६ मा यो कार्यक्रम सञ्चालन भइरहेको छ। यहाँको मकै खेती अरू जिल्लाका लागि नमुना बन्न थालेको छ। नेकपा माओवादीका नेता एवम् पूर्वमन्त्री जनार्दन शर्मा पार्टीले झापाको भद्रपुरबाट सुरु गरेको 'जनतासँग माओवादी जागरण अभियान' का क्रममा फागुन १३ गते झापा गाउँपालिका पुगेका थिए।

हुलाकी मार्ग हुँदै मोरङ जिल्लातर्फ दलबलसहित अघि बढेका नेता शर्माको ध्यान झापा गाउँपालिकाको लहलह मकै खेतीले नताने कुरै भएन। उनले स्थानीय किसानसँग मकै खेतीका बारेमा सोधीखोजी गरे। अनि उनले आँखाले भ्याएसम्म हरियाली देखिने मकैबारीको तस्बिर फेसबुकमा पोस्ट गर्दै लेखे, 'मकै उत्पादनको केन्द्र झापा गाउँपालिकाबाट शुभ बिहानी।' मकैखेतीका बारेमा उनले पोस्ट गरेको तस्बिरमा नौ हजारले मन पराएको संकेत (लाइक) गरेका छन् भने ६ सय फेसबुक प्रयोगकर्ताले टिप्पणी लेखेका छन्।

धानभन्दा मकै दोब्बर फल्ने किसान बताउँछन्। कसैकसैले एक कट्ठा बारीमा १५ मन (१५०० केजी) सम्म मकै फलाएको बताएका छन् भने प्रति बिघा डेढ सय मन मकै त औसतमै फल्ने गरेको झापा गाउँपालिका वडा नं ४ का मुस्लिम कृषक समुहका कलाम शेख बताउँछन्। 'धानभन्दा दोब्बर फल्छ मकै', शेख भन्छन्, 'मकैमा खर्च पनि धान खेतीको हिसाबमा थोरै हुन्छ। त्यही भएर गाउँका सबै किसान मकै खेती लगाउन थाल्नु भएको छ।' पछिल्लो समय शून्य खनजोतमै मकै खेती हुन थालिसकेको छ। जसका कारण किसानको लागत ह्वात्तै घटेको छ।

कृषि ज्ञान केन्द्र झापाका सूचना अधिकारी चेतनाथ भण्डारी झापा गाउँपालिका र कनकाई नगरपालिकामा मकै जोन लागु भए पनि अरू क्षेत्रमा उत्तिकै मकैखेती फस्टाएको बताउँछन्। पूर्व-पश्चिम राजमार्गको उत्तरी क्षेत्रको तुलनामा दक्षिणतिर धेरै मकैखेती हुने गरेको छ। झापा जिल्लामा ४४ हजार तीन सय ५० हेक्टर र नेपालभर लगभग १० लाख हेक्टर जग्गामा मकै खेती हुने गरेको भण्डारीले बताए। हाइब्रिड (वर्णसंकर) जातको मकैको प्रतिहेक्टर उत्पादकत्व ७.१७ मेट्रिक टन रहेको छ।

झापा गाउँपालिका सिँगै मकै खेतीमा लागेको पाइएको छ। मकै जोन लागु भएकाले सरकारले किसानलाई खेतीका लागि बीउ, मल, उपकरण, सिँचाइ र भण्डारणका लागि सहयोग पुऱ्याउने गरेको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ झापाका प्रमुख रवीन्द्र सुवेदीका अनुसार झापा गाउँपालिकाका सातवटा र कनकाई नगरपालिकाका दुईवटा वडामा लागु भएको मकै जोन कार्यक्रममा तीन हजार सात सय ३२ महिलासहित ६ हजार चार सय ७१ जना कृषक सूचीकृत भएका छन्। आदिवासी, जनजाति र मुस्लिम समुदायको बाहुल्य रहेको यस क्षेत्रमा परियोजनाले चक्लाबन्दीमा ढुलो क्षेत्रफलमा मकै खेती गर्ने व्यावसायिक किसानलाई खेतीको क्षेत्रफलका आधारमा सोझै अनुदान दिँदै आएको सुवेदीले बताए।

सम्पदा संरक्षणमा जुटे घरपझोङका युवा

मुस्ताङ, चैत २७ (रासस) - घरपझोङ गाउँपालिकाका युवा यतिबेला स्थानीय स्तरको प्राकृतिक तथा जैविक सम्पदा जोगाउन जुटेका छन्। प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजनाअन्तर्गत गाउँपालिकाले उनीहरूलाई पालिकाभित्रका प्राकृतिक तथा जैविक सम्पदाको सरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने काममा खटाएको हो।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत स्थानीय स्तरका बेरोजगार युवकयुवतीलाई प्राकृतिक स्रोतको रक्षा गर्न परिचालन गर्ने गरी यो कार्यक्रम नियमित कार्यान्वयनमा रहेको छ। गाउँघरका बेरोजगार युवकयुवतीलाई अल्पकालीन रोजगार सिर्जना गर्ने उद्देश्यले यस प्रकारको कार्यक्रममा संघीय सरकार र विश्व बैंकबाट वैदेशिक सहायता रकम उपलब्ध हुँदै आइरहेको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत युवाको सीप र क्षमता अभिवृद्धि गर्ने, स्थानीय प्राकृतिक सम्पदाको अपनत्व दिलाउने, न्यूनतम रोजगार उपलब्ध गराउने र बेरोजगारी समस्या न्यूनीकरण गर्दै लैजाने सरकारको उद्देश्य रहेको गाउँपालिकाको रोजगार सेवा केन्द्रका संयोजक श्रीसको भनाइ छ। प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत २ मार्फामा सिँचाइ कुलो मर्मत सम्भार, परम्परागत बाली वृक्षरोपण तथा त्यस क्षेत्रको सरसफाइका साथै खेतबारीको कृषि गल्ला सुधारको कामकाजमा खटाइएको हो। वडा नं ३ स्याङ गाउँमा सिँचाइ कुलो मर्मत सम्भार गरिँदै छ।

यसैगरी गाउँपालिकाको वडा नं ४ जोमसोममा धोफु (डुंगे ओढार) जाने सडक बाटो मर्मत सम्भार सुरु गरिएको छ। वडा नं ५ ढुम्बा गाउँअन्तर्गत ढुम्बा गाउँदेखि कुछ्म तरेंगा गुम्बा जाने जीर्ण बाटो मर्मत सम्भार भइरहेको छ। सोही वडाको भुतीधाङमा वृक्षरोपण क्षेत्रमा सरसफाइका साथै पार्क निर्माण तथा मर्मत सम्भारलगायतका काम भइरहेको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत बेरोजगार युवाहरूलाई सय दिनसम्म दैनिक सात सय ६० ज्याला सुविधा दिएर स्थानीय सम्पदा जोगाउन काममा खटाइएको रोजगार शाखा संयोजक श्रीसको भनाइ छ। उनीहरूलाई दैनिक आठ घण्टा काममा लगाउने गरी सम्बन्धित वडामा त्यहींका युवकयुवतीलाई व्यवस्थापन गरिएको उनले जानकारी दिइन्।

चालु वर्षको कार्यक्रममा गाउँपालिकाको रोजगार शाखा केन्द्रले पालिकाका पाँचवटै वडामा गरी ५५ युवकयुवती व्यवस्थापन गरेको रोजगार सेवा केन्द्र संयाजक श्रीसले बताइन्। यसैगरी रोजगार कार्यक्रममा सहभागी युवकयुवतीलाई फिल्डमा काम गर्दा जोखिम उत्पन्न नहोस् भन्ने हेतुले आवश्यक सुरक्षा सामग्रीका साथै काम गर्ने घरेलु उपकरणको समेत व्यवस्था गरिएको उनको भनाइ छ। कार्यक्रमअन्तर्गत गाउँपालिकालाई गत वर्ष रोजगारी सिर्जना गर्ने गरी संघीय सरकारबाट २१ लाख ४९ हजार र वैदेशिक ऋण सहायता २८ लाख ५८ हजार बजेट विनियोजन भएको थियो। गत वर्ष घरपझोङको रोजगार सेवा केन्द्रले पाँचवटै वडामा गरी ६५ जनालाई अल्पकालीन रोजगारी उपलब्ध गराएको संयोजक श्रीसले उल्लेख गरिन्।

> प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत युवाको सीप र क्षमता अभिवृद्धि गर्ने, स्थानीय प्राकृतिक सम्पदाको अपनत्व दिलाउने, न्यूनतम रोजगार उपलब्ध गराउने र बेरोजगारी समस्या न्यूनीकरण गर्दै लैजाने सरकारको उद्देश्य रहेको गाउँपालिकाको रोजगार सेवा केन्द्रका संयोजक शर्मिला श्रीसले जानकारी दिइन्।

चालु आव २०८१/८२ का लागि संघीय सरकारबाट ११ लाख ४९ हजार र वैदेशिक सहायता ३० लाख ४० हजार गरी ४१ लाख ८९ हजार पुँजीगत बजेट विनियोजन भएको रोजगार सेवा केन्द्र संयोजक श्रीसले बताइन्। गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत स्थानीय बेरोजगार अवस्थामा रहेका युवकयुवतीलाई पर्यटकीय पदमार्ग स्तरोन्नति, छप्पनी डुंगा मिलाउनेदेखि बिछ्याउनेसम्म, सिँचाइ कुलो मर्मत सुधार, रैथाने बाली बिरुवाको वृक्षरोपण, सरसफाइ तथा कृषि गल्ला सुधारलगायतका काममा परिचालन गरिएको रोजगार सेवा केन्द्र संयोजक श्रीसले उल्लेख गरिन्।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत चालु आवमा गाउँपालिकाका पाँचवटै वडामा युवाहरूलाई रोजगारमूलक काममा व्यवस्थापन गरिएको छ। त्यसअन्तर्गत वडा नं १ को छैरो चिमाङ गाउँमा छप्पनी डुंगा बिछ्याउने, सिँचाइ कुलो मर्मत सुधारका साथै पर्यटकीय पदमार्ग मर्मत-सम्भारलगायतका कामको जिम्मेवारी दिइएको छ। वडा नं

सकियो कर्णालीका परम्परागत विद्यालयको अध्ययन

कर्णाली, चैत २७ (रासस) - कर्णाली प्रदेशका विभिन्न जिल्लामा सञ्चालित परम्परागत विद्यालयको अवस्था अध्ययन गरिएको छ।

कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयद्वारा गठित सात सदस्यीय कार्यदलले यहाँका परम्परागत तथा धार्मिक आस्था एवं पद्धतिमा आधारित विद्यालयको अध्ययन गरेको हो।

शिक्षा विकास निर्देशनालय कर्णाली प्रदेश सुर्खेतका निर्देशक दीपा हमालको संयोजकत्वमा गठित कार्यदलले यहाँ सञ्चालित गुरुकुल, गुम्बा र मदरसाको अवस्था अध्ययन गरी तयार पारेको प्रतिवेदन आज सामाजिक विकासमन्त्री घनश्याम भण्डारीलाई हस्तान्तरण गरेको छ।

कार्यदलले ती विद्यालयको सञ्चालन, व्यवस्थापनलगायतका विभिन्न पक्षमा अध्ययन, सबल पक्ष, समस्या, चुनौती र सम्भावनाका बारेमा प्रतिवेदन तयार पारेको कार्यदलका सदस्य-सचिव तथा मन्त्रालयका शैक्षिक महाशाखा प्रमुख सुवर्णकुमार खड्काले जानकारी दिए। उक्त प्रतिवेदन बुझ्दै सामाजिक विकासमन्त्री भण्डारीले सरकारले आगामी वार्षिक नीति तथा कार्यक्रममा परम्परागत तथा धार्मिक विद्यालयहरूको संरक्षण तथा प्रवर्द्धन र जनशक्ति व्यवस्थापनका कार्यक्रम ल्याउने बताए। उनले भने, 'पहिलोपटक कर्णालीमा परम्परागत विद्यालयको अवस्था अध्ययन गरिएको छ, प्रदेश सरकारले स्थानीय तहसम्म बुझाइमा एकरूपता ल्याउन तथा सहजीकरणमा विशेष सहयोग गर्नेछ।'

कार्यदल संयोजक हमालका अनुसार चार महिनाको समय लगाएर स्थलगत अनुगमन तथा निरीक्षण गरी अध्ययन प्रतिवेदन तयार गरिएको छ। प्रदेश सरकारलाई परम्परागत विद्यालयको अवस्थाबारे जानकारी गराउने उद्देश्यले अध्ययन गरिएको हो। कर्णालीमा परम्परागत विद्यालयको समस्या पहिचान भएको जनाउँदै उनले यसबाट कर्णालीमा नयाँका कामको दस्ताबेजीकरण भएको संयोजक हमालले बताए।

मन्त्रालयका निमित्त सचिव जवाहरलाल हमालले धार्मिक तथा सांस्कृतिक पहिचान जोगाइराख्न बनेका विद्यालयको विविधतालाई कायम रहने गरी तहगत रूपमा सरकारले हेर्नुपर्ने बताए। यद्यपि यसको सञ्चालन प्रक्रिया, जनशक्ति व्यवस्थापन र शिक्षण सिकाइ क्रियाकलापलाई कसरी आधुनिक शिक्षासँग समाहित गर्दै लैजाने भन्नेमा त्यतिकै चुनौती देखिएको उनको भनाइ थियो।

गुरुकुल, गुम्बा र मदरसाका प्रतिनिधिले प्रदेश सरकारले ती विद्यालयको व्यवस्थापन तथा सञ्चालनका लागि ऐन नै ल्याउनुपर्ने सुझाव दिएका छन्। गुरुकुल, गुम्बा र मदरसा विद्यालयको शिक्षा पद्धतिअनुसार हाल कर्णालीमा १६ वटा परम्परागत तथा धार्मिक विद्यालय सञ्चालनमा रहेको कार्यदलका सदस्य डा. दीपककुमार गौतमले जानकारी दिए। उनका अनुसार गुम्बा शिक्षा पद्धतिमा सञ्चालित विद्यालयको अवस्था सन्तोषजनक देखिए पनि गुरुकुल र मदरसा शिक्षा पद्धतिमा सञ्चालित विद्यालयको अवस्था कमजोर रहेको छ।

Simkot Rural municipality,
Office of Rural Municipal Executive
Simkot , Humla
Karnali Province, Nepal
Date of publication: 2081/12/28

1. The Simkot Rural municipaliy invites electronic bids from Nepalese eligible bidders for the goods under Bidding procedures. The estimated amount for the goods are Rs. As mentioned below.
2. A complete set of Bidding Documents may be purchased by eligible bidder , upon payment of a non-refunadable fee of RS 1000 till bid document submit. Information to deposite the cost of bidding document in bank.
   Name of the bank : RBB Humla
   Name of office : Simkot Rural municipaliy.
   Rajaswa (revenue) shirshak no. : 4190100301010003(Rajaswa)
3. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np.

Details of Work

S. N.	Contract Id No.	Description of Works	Location of site	Estimated Amount With VAT	Bid Security Amount NRs.	Bid Document cost	Remarks
1	SRM/SQ/G/ 02-2081-82	Procurement of Construction Materials & Transportation up to Site location (Chaukhedhara Dekhi Dadaphaya Samma Road Upgrading)	SIMKOT RM 7	19,89,009.63	50,000.00	1000	
2	SRM/SQ/G/ 03-2081-82	Procurement of construction materials transportation site location (Balmandir Dekhi Chaukhedhunga Road Upgrading)	SIMKOT RM 5	13,30,581.65	34,000.00	1000	
3	SRM/SQ/G/ 04-2081-82	procurement of construction materails and transportation up to site loction(khola river training work)	SIMKOT RM 5	13,51,138.09	34,000.00	1000	
4	SRM/SQ/G/ 05-2081-82	procurement of construction materials & transportation up to site loction (pancha-mukhi sadak yojana)	SIMKOT RM 4	11,72,362.4	30,000.00	1000	
5	SRM/SQ/G/ 06-2081-82	procurement of construction materials & transportation up to site loction (takpa dekhi manang sadak)	SIMKOT RM 4	12,41,358.32	32,000.00	1000	

Chief Administrative Officer